जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १६८ २०७९ साल माघ १९ गते बिहीबार (2 Feb. 2023 Thursday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'थोरै खाऔं सही मात्रामा.. ३ पृष्ठमा : अर्थ मन्त्रालयद्वारा चालु खर्च कटौतीको. ३ पृष्ठमा : झारखण्ड आगलागीमा ...

# राष्ट्रिय स्वतन्त्र पार्टी खारेजको माग गर्दै निर्वाचन आयोगमा उजुरी

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी खारेजको माग गर्दै निर्वाचन आयोगमा बुधवार उजुरी परेको छ । नेपाली नागरिकको तर्फबाट युवराज पौडेल (सफल)ले आयोग समक्ष उजुरी दिएका हुन् ।

निवेदनमा भनिएको छ,- "निर्वाचन आयोगमा २०७९ असार १७ गते दर्ता भएको रास्वपाका सभापति रवि लामिछानेलाई सर्वोच्च अदालतको संवैधानिक इजलासको माघ १३ गतेको फैसलाले अनागरिक भएको ठहर गरेको निजले दल दर्ता गर्दा एवम् संसद्को उम्मेदवार बन्दा पेश गरेको नागरिकता कानुनः अवैधानिक रहेको पुष्टि हुन्छ ।"

अवैधानिक नागरिकता पेश गरी रवि लामिछानेको अध्यक्षतामा बसेको बैठकले दल खोल्ने निर्णय गरेकाले सो हस्ताक्षर अवैध ठहर भएको निवेदनमा भनिएको छ । गैरनागरिक गृहमन्त्री हुँदा राष्ट्रको विरुद्ध जासुसी गर्ने गराउने र राष्ट्रिय गोपनीयता भंग गर्ने कार्य भएको कारण रास्वपा खारेज हुनुपर्ने माग गरिएको छ ।

# विपन्न समुदायका एकल महिलादेखी तेश्रोलिङ्गीलाई न्यानो कपडा



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले राजविराजमा एक कार्यक्रमको आयोजना गरि चिसोले कष्टकर जिवन बिताइरहेका ३५ जनालाई न्यानो कपडा बितरण गरेको छ ।

उक्त राहत पाउनेमा विपन्न समुदायका एकल महिला, शारिरीक रुपमा अशक्त, बृद्धबृद्धा देखी यौनिक तथा लैङ्गिक अल्पसंख्यक ( तेश्रोलिङ्गि) सम्म छन् ।

जिल्लामा सम्भव त पहिलो पटक यौनिक तथा लैङ्गिक अल्पसंख्यक (तेश्रोलिङ्गी) लाई समेत चिसो छल्न प्रदेश सरकारबाट राहत स्वरुप न्यानो कपडा बितरण गरिएको हो । बितरण गरिएका सामाग्रिहरुमा ब्लायङकेट, न्यानो कपडा र म्याट लगायतका छन् ।

जिल्ला जेष्ठ नागरिक संघ, एकल महिला संघ, समावेशी अपाङ संघ र निलहिरा समाजको समन्वयमा जिल्लाको प्रत्येक पालिकाबाट विपन्न परिवारका सदस्यको चयन गरि उक्त राहत सामाग्रि प्रदान गर्ने व्यवस्था मिलाइएको मन्त्रालयका शाखा अधिकृत राजिवकुमार सिंहले जानकारी दिए ।

न्यानो कपडा बितरण कार्यक्रममा जेष्ठ नागरिक संघका जिल्ला सचिव बैजनाथ झा, समावेशी अपाङ संघका अध्यक्ष सतिशचन्द्र झा लगायतको उपस्थिति रहेको थियो ।

# प्रहरी हिरासतबाट भागेका ६ मध्ये तीन पक्राउ

धनुषा, १८ माघ (रासस) ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट पर्खाल फोडेर भागेका छमध्ये तीनजना थुनुवा पक्राउ परेका छन् । पक्राउ पर्नेमा

*बाँकी अन्तिम पृष्ठमा*

# एक सय अति विपन्न, दलितलाई कम्बल बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

राष्ट्रिय सहकारी बैंक राजविराज शाखा र बैंकका शेयर सदस्य जनज्योती कृषि सहकारी संस्थाको संयुक्त आर्थिक सहभागितामा बुधवार राजविराजका एक सय अति विपन्न, दलितलाई कम्बल बितरण गरिएको छ ।

राजविराज नगरपालिका वडा

*बाँकी अन्तिम पृष्ठमा*

# हुकिङ गरि विद्युत चोरी गर्ने ९ जना कारवाहीमा



**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

नेपाल विद्युत प्राधिकरण राजविराज बितरण केन्द्रका कर्मचारीको नेतृत्वमा बुधबार गएको प्रहरीसहितको टोलीले बिद्युत चोरी गरिरहेका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाबाट ९ जनालाई पक्राउ गरेको छ ।

विद्युत हुकिङ गरेर चोरी गरिरहेको अवस्थामा उक्त गाउँपालिकाका इजरायल मन्सुरी, जमुनम मन्सुरी, रामचुनाम मन्सुरी लगायत ९ जना पक्राउ परेको बितरण केन्द्रका प्रमुख मधुसुधन यादवले जानकारी दिएका छन् ।

केन्द्रले ग्राहकका लागि प्रयोगमा ल्याएको विद्युतीय पोलमा हुक लगाई विद्युत चोरी गरिरहेको अवस्थामा पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालयमा बुझाइएको उनले जानकारी दिए ।

पक्राउ परेकाहरुबाट कानुन बमोजिम जरिवाना असुलेर सचेत गरेर छाडिने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

केही दिन यता विद्युत चुहावट रोक्न केन्द्रले प्रहरीको सहयोगमा गाउँ गाउँमा पुगेर विद्युत चोरी नियन्त्रण अभियानलाई तिव्रता दिनुका साथै विद्युतीय सामाग्रि पनि जफत गर्न थालेको छ ।

विद्युत चोरीमा संलग्नहरुलाई कारवाही गर्न थालिएपछि विद्युत हुकिङ गरेर चोरी गर्नेको संख्या केही घटेपनि पूर्ण नियन्त्रणमा भने आइनसकेको र अभियान जारि रहने बितरण केन्द्रले जनाएको छ ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### सामाजिक संजालमार्फत ठगिनबाट बचौं

आर्थिक अभाव तथा विभिन्न प्रलोभनमा परेर अहिले मानिसहरु निकै ठगिने गरेका छन् । हुन त अहिले युगमा मानिसहरुले सबै भन्दा बढी रकमलाई नै महत्व दिने गरेको देखिन्छ । रकम भन्ने बित्तिकै सबै आकर्षित हुनुका साथै जो कोही पनि त्यसलाई ग्रहण गर्न खोज्छन् । अहिले विभिन्न प्रलोभन देखाएर मानिसहरुसँग थोरै भएपनि रकम ठग्ने क्रम सामाजिक संजालमार्फत बढेको छ । इमो, वाट्सअफ, म्यासेन्जर लगायतमा चिठ्ठाको नाममा लाखौं करोडौ रकम परेको भन्दै म्यासेज आउने गर्दछ । यही म्यासेजको भरमा मानिसहरु खुशी हुनुका साथै म्यासेज पठाउने व्यक्तिले भनेको कुरा मान्न समेत तयार हुन्छन् । पहिलो पटक थोरै रकमको माग आउछ, त्यसपछि अलि बढी रकम ट्रान्सफर गर्ने म्यासेज आएपछि अन्तिममा तपाई अझ रकम पठाउनुहोस् अनि तपाईलाई परेको चिठ्ठाको प्रक्रिया हुन्छ भन्दै बाध्य पार्छन् ।

यी सबै प्रक्रिया पुरा भएपछि म्यासेज पठाउने व्यक्तिको आइडी बन्द हुनुका साथै सम्पर्क बिहीन हुन्छ । अनि बल्ला हामीलाई ठगिन पुगिएको महसुस हुन्छ । यस्ता प्रलोभनमा पर्नु भन्दा पहिले हामीलाई आएको म्यासेज आधिकारीक हो की होइन भन्ने कुरामा ध्यान दिनपर्छ । त्यसलाई विभिन्न माध्यमबाट प्रमाणित गर्नु पर्छ । तर, यी सबै प्रक्रिया नगरेर हामी हतार हतारमा कसैले थाहा नपाओस भन्दै रकम पठाउँछौं । यसरी सामाजिक संजालबाट ठगिनेमा बढी महिलाहरु रहेका छन् ।

कुनै पनि कुरा गर्नु भन्दा पहिले त्यो आधिकारी हो की होइन् वा त्यस्ता म्यासेज कतिको भरपर्दो हो भन्ने कुरामा ख्याल गर्नुपर्छ । सकेसम्म त्यस्ता म्यासेजलाई बेवास्ता गर्नु नै वेस हुन्छ । घरमै बसेर धनी बन्ने इच्छालाई छोडेर कर्म गर्न तर्फ लाग्नु पर्छ । तसर्थ यस्ता प्रकारका म्यासेज पछाडी नलागि हामी ठगिनेबाट बचौं ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘थोरै खाऔँ सही मात्रामा खाऔँ आयोडिनयुक्त नुन’

काठमाडौं, १८ माघ (रासस)।

आयोडिनयुक्त नुनको थप प्रवर्द्धन तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले ‘फेब्रुअरी’ महिनालाई ‘आयोडिन मन्थ’का रूपमा विभिन्न कार्यक्रम आयोजना गरी बुधबारदेखि मनाउन सुरुआत गरिएको छ। नेपाल युनिभर्सल साल्ट आयोडाइजेसनको सदस्य देश हो। नेपालमा सन् १९९८ देखि ‘फेब्रुअरी’ महिनालाई ‘आयोडिन मन्थ’ का रूपमा मनाइँदै आइएको छ।

विशेषगरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसहित सम्बन्धित निकायका सहकार्यमा आयोडिनको कमीले हुने समस्यालाई निवारण गर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। यस वर्षको नारा ‘थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिका चिह्न अङ्कित आयोडिनयुक्त नुन नै खाऔं’ भन्ने रहेको कर्पोरेसनले जनाएको छ।

हाल आयोडिनको कमीबाट उत्पन्न विभिन्न समस्यामध्ये देखिने गलगाँड ‘भिजिवल गोइटर’ समुदायमा नदेखिएको कर्पोरेसनले जनाएको छ। सन् १९८६ मा देखिने गलगाँड ४४.२ प्रतिशत रहेकामा सन् २००७ मा ०.४ प्रतिशतमा झर्न सफल भएको थियो। सरकारले दिएको निर्देशनअनुसार कर्पोरेसनले आयोडिनयुक्त नुनको आपूर्ति गर्दै आएको छ।

सरकारले उचित मात्रामा आयोडिन भएको नुन उपभोग गर्ने घर सङ्ख्या शतप्रतिशतमा पुऱ्याउने नीति लिएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सर्वेअनुसार हाल ९१.० प्रतिशत घरपरिवारले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरिरहेका छन्।

यसैगरी सन् २०१६ को नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणका अनुसार ९४.५ प्रतिशत ५ वर्षमुनिका बालबालिकाले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरेका छन्। “अतः यस उपलब्धिलाई जोगाइराख्न सम्बन्धित सबै निकायहरूको ध्यान दिनु जरुरी देखिएको छ”, कर्पोरेसनद्वारा बुधबार यहाँ जारी विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा कर्पोरेसनले आयोडिनको कमीबाट हुने शारीरिक एवं मानसिक कमजोरीका विषयमा जनचेतनामूलक कार्यक्रमबाट जानकारी दिन शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी तथा जनसमुदायहरूलाई क्रमशः स्वास्थ्य संस्था, विद्यालयमा कार्यक्रम, हाटबजारमा माइकिङ, चेतनामूलक सामग्री वितरण, प्रदर्शनी कक्षराख्ने, जस्ता गतिविधि महिनाभर सञ्चालन गर्ने जनाएको छ।

सरकारले देशभर आयोडिनयुक्त नुनको आपूर्तिको जिम्मेवारी कर्पोरेसनलाई दिएको छ। कर्पोरेसनले ग्रामीणस्तरसम्म आयोडिनसम्बन्धी चेतनामूलक गतिविधिका साथै दुई बालबालिका चिह्न अङ्कित ‘पाकेट’ नुन सुलभ मूल्यमा बिक्री वितरण तथा जनचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

विगत ५९ वर्षदेखि कर्पोरेसनले नुनको आपूर्ति गर्दै आएको छ। आयो, न्यू शक्ति, तेज र भानु नुन प्याकेटमा बिक्री गर्दै आएको कर्पोरेसनले वार्षिक वार्षिक दुई लाख मेट्रिक टन नून कारोबार गर्ने जनाएको छ।

सोही अवसरमा आयोडिनसम्बन्धी चेतनामूलक सन्देश लेखिएको शपिङ झोला, स्कुल झोला, टी-सर्ट तथा पम्प्लेट जस्ता सामग्री वितरण गर्न विभिन्न विद्यालय तथा हाट बजारमा टोली खटाइने कर्पोरेसनले जनाएको छ। ती टोलीले ती स्थानमा उक्त अवसरमा आयोडिनको महत्वबारे जनचेतना जगाउन कार्यक्रम सञ्चालन गर्नेछन्।

# एफएम रेडियोको समस्यामा

वीरगञ्ज, १८ माघ (रासस)।

मधेस-प्रदेशस्थित पर्साको वीरगञ्जका अधिकांश सामुदायिक र व्यावसायिक रेडियो यतिबेला आर्थिक सङ्कटमा परेका छन्।

दक्ष जनशक्तिको अभाव, व्यावसायिक विज्ञापन नपाउने, सरकारको दोहोरो कर नीतिलगायत कारणले एफएम रेडियो सञ्चालन गर्न समस्या भएको सञ्चालकहरूको गुनासो छ। ‘सामुदायिक र व्यावसायिक रेडियो सञ्चालनको अवस्था र प्रदेश सरकारले गर्नसक्ने सहयोग’ का सम्बन्धमा प्रदेशको आम सञ्चार प्राधिकरणले यहाँ आयोजना गरेको कार्यक्रममा स्थानीय रेडियो सञ्चालकहरूले दक्षजनशक्ति र विज्ञापनको अभावका कारण रेडियो सञ्चालन गर्न कठिनाइ भइरहेको बताए।

“हामीले अहिले सहजरूपमा विज्ञापन पाउने अवस्था छैन”, सामुदायिक रेडियो नारायणी एफएमका सञ्चालक गोविन्द देवकोटाले भन्नुभयो, “अहिले एफएमको आर्थिक स्रोत खुम्चिँदै गएको छ, सहजरूपमा विज्ञापन पाउने स्थिति छैन, कमिसन पाइने हिसाबले मात्र विज्ञापन उपलब्ध गराइन्छ।” “वीरगञ्जमा सामुदायिक र व्यावसायिक गरी १३/१४ वटा एफएम रेडियो छन्” विज्ञापन नपाएर ती सबैको आर्थिक अवस्था जर्जर भइसकेको छ”, उहाँले भन्नुभयो,“यस्तो अवस्थामा दक्ष जनशक्ति राख्ने र कन्टेन्ट अनुसारको कार्यक्रम तयार पार्न समस्या भइरहेकाले प्राविधिकको भरमा गीत बजाएर मात्र एफएम चलाउनु बाध्यता हामीसँग छ”।

आर्थिक सङ्कटका कारण यहाँका कतिपय एफएम बन्द भइसकेका छन् भने कतिपय रेडियो बन्द हुने अवस्थामा पुगेको रेडियो सञ्चालकहरूको भनाइ थियो। “दक्षजनशक्तिको अभावमा हामीले आफ्नो कार्यक्रम उत्पादन गरी बाहिर पठाउन सकिरहेका छैनौं,” पब्लिक एफएमका राजेन्द्र सिंहले भन्नुभयो, “यहाँ एफएम रेडियोले आफ्नो कार्यक्रम उत्पादन नगरी बाहिरका एमएमबाट उत्पादित कार्यक्रम बजाउनुपर्ने बाध्यता छ। हामीले स्रोतालाई आफ्नै उत्पादन सुनाउन चाहे पनि दक्षजनशक्ति नपाएर त्यसो गर्न सकिरहेका छैनौं, त्यसैले यी समस्या समाधानका लागि सरकारले सहजीकरण गर्नुपर्छ।” आर्थिक समस्यामा रहेका एफएम रेडियोलाई टेलिफोन, इन्टरनेट र विद्युत् महसुलमा सहुलियत दिने व्यवस्था मिलाउन सकिए रेडियो सञ्चालनमा थोरै भए पनि सहज हुने सञ्चालकहरूको भनाइ थियो।

“आर्थिक समस्याकै कारण रेडियो बन्द हुने अवस्थामा छ”, आकास एफएमका सन्तोष पटेलले भन्नुभयो,“आर्थिक समस्यामा परेर बन्द हुने अवस्थामा पुगेका रेडियोलाई विद्युत्, टेलिफोन र इन्टरनेटमा छुटसँगै विज्ञापन पाउने अवस्था सिर्जना गरे एफएम रेडियोलाई थोरै भए पनि राहत हुनसक्छ।” स्थानीयस्तरका विज्ञापन स्थानीय सञ्चारमाध्यमबाट प्रकाशन प्रशारण हुने नीति बनाइए पनि कार्यान्वयन नहुँदा स्थानीय विज्ञापनमा पनि कमिसनका कारण बाहिरी सञ्चारमाध्यममा जाने गरेकाले स्थानीय विज्ञापन एकद्वार प्रणालीबाट स्थानीय सञ्चारमाध्यमलाई उपलब्ध गराउनुपर्नेमा उहाँको जोड थियो।

“हामी बर्सेनि भ्याट र प्यान तिर्छौं” रेडियो बिन्दासका सञ्चालक आरसी यादवले भन्नुभयो, “तर पनि विज्ञापनको भुक्तानी दिने बेलामा १५ प्रतिशत कर काट्दा दोहोरो करको मार परेकोले यसबारे बारेमा सरकारले सोच्नुपर्छ।”

प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले सामुदायिक र व्यावसायिक रेडियोको अवस्थाप्रति आफूहरू सचेत रहेको बताउनुभयो। समस्या परेर बन्द भएका रेडियोलाई एक पटकका लागि सहुलियत वा अनुदान दिएर भए पनि सञ्चालन गराउने प्राधिकरणको योजना रहेकाले आएका सुझावकै आधारमा योजना बनाइने उहाँले जानकारी दिनुभयो।

“स्वीकृति लिएका सबै एफएम रेडियो चल्नुपर्छ भन्ने हाम्रो चाहना हो” अध्यक्ष यादवले भन्नुभयो,“हामीले समस्यामा परेकालाई के सहयोग गर्न सकिन्छ भने सोचिरहेका रहेका छौं। त्यसबाहेक बन्द भइसकेका रेडियोलाई सञ्चालनका लागि तत्काल अनुदान दिन सकिन्छ वा कर छुट भन्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौं।”

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# अर्थ मन्त्रालयद्वारा चालु खर्च कटौतीको निर्णय, करिब २५ अर्ब जोगिने

काठमाडौँ, १८ माघ (रासस)।

अर्थ मन्त्रालयले अनावस्यक खर्च नियन्त्रण गर्न विभिन्न शीर्षकका चालु खर्च कटौतीको निर्णय गरेको छ।

सरकारी वित्त सन्तुलन कायम राख्न खर्च कटौती र खर्च रोक्का गर्ने निर्णय मन्त्रालयले गरेको हो। बजेट खर्च प्रणालीलाई पुनः प्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रुपान्तरणकारी आयोजना तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गर्ने आयोजनामा खर्च बढाउने निर्णय मन्त्रालयले गरेको छ।

सङ्घीय सरकारको सबै मन्त्रालय/निकायको स्वीकृत बजेटको इन्धन, मर्मतसम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन, सेवा र परामर्शलगायत शीर्षकमा २० प्रतिशत खर्च कटौती गरेको छ। त्यस्तै, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्याङ्कन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेसिनरी तथा औजार, फर्निचर तथा फिक्सर्स, निर्मित भवनको संरचनात्मक सुधारलगायत शीर्षकको बजेटमा पनि २० प्रतिशत खर्च कटौती गरिएको छ।

चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रमभित्र परेका तथा खरिद प्रक्रिया प्रारम्भ भइनसकेका आयोजना तथा कार्यक्रमको हकमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति र सहमतिमा मात्र खरिद प्रक्रिया अगाडि बढाउने निर्णय पनि मन्त्रालयले गरेको छ।

अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरबन्दी थप नगर्ने र दरबन्दीभन्दा बढी कर्मचारी कुनै पनि निकायमा नखटाउने निर्णय गरेको छ। त्यस्ता कर्मचारी खटाउनै पर्ने भएमा अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्रालयले जनाएको छ।

सरकारको स्रोततर्फका सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने निर्णय मन्त्रालयले गरेको छ। फर्निचर र नयाँ सवारी साधन खरिद शीर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने निर्णय पनि अर्थले गरेको छ।

सरकारको स्रोतमा सरकारी प्रतिनिधि अनिवार्यरुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने निर्णय मन्त्रालयले गरेको छ।

चालु आर्थिक वर्षका लागि चालु खर्चतर्फ स्वीकृत बजेट तथा कार्यक्रमभित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी नेपाल सरकारको स्रोततर्फ हाललाई रकमान्तर नगर्ने निर्णय मन्त्रालयको छ। आर्थिक सहायता प्रदान नगर्ने र गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्डबमोजिम अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने व्यवस्था गरिएको छ। सरकारको स्रोतमा विनियोजित निर्मित भवनको संरचनात्मक सुधार खर्च र पुँजीगत सुधार खर्च हाललाई स्थगन र रोक्का गर्ने निर्णय पनि सरकारले गरेको छ।

वार्षिक बजेटमा विनियोजन भएका तर काम सुरु हुन नसकेका आयोजनाको तथा कार्यक्रम रोक्का गर्ने र चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने निर्णय मन्त्रालयले गरेको छ। अर्थ मन्त्रालयको यस्तो निर्णय सबै विश्वविद्यालय, प्रतिष्ठान, समिति, नियामक निकाय, बोर्डलगायत सबै सार्वजनिक संस्थानमा समेत लागू हुनेछ।

चालुतर्फको खर्चमा अनिवार्य दायित्वबाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरूलाई अनुरोध गर्ने निर्णय पनि मन्त्रालयले गरेको छ। खर्च कटौतीको निर्णय कार्यान्वयन गर्दा रु १० अर्ब ५० करोड बचत हुने र खर्च रोक्का राख्दा करिब रु १४ अर्ब बराबरका कार्यक्रम स्थगन हुने अर्थ मन्त्रालयले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# यातायात क्षेत्र सुधारका 'राष्ट्रिय यातायात प्राधिकरण' गठन गर्न माग

काठमाडौँ, १८ माघ (रासस)।

यातायात क्षेत्रमा कार्यरत मजदुर सङ्घ सङ्गठनले यातायात क्षेत्रको सुधारका लागि 'राष्ट्रिय यातायात प्राधिकरण' गठन गर्न सरकारसँग माग गरेका छन्।

नेपाली कांग्रेस निकट नेपाल यातायात मजदुर सङ्घ, नेकपा (एमाले) निकट नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन र नेकपा (माओवादी केन्द्र) निकट अखिल नेपाल यातायात मजदुर सङ्घले मंगलबार उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर यातायात क्षेत्रको सुधार र पुनर्जागरणका लागि 'राष्ट्रिय यातायात प्राधिकरण' गठन गर्न माग गरेका हुन्।

भेटमा सङ्घ सङ्गठनले सार्वजनिक यातायात क्षेत्रको व्यवस्थापन, सञ्चालन, परिचालन र यात्रुहरूको गुणस्तरीय, भरपर्दो र सुरक्षित सेवाका लागि हाल रहेको सरकारी संरचना यातायात व्यवस्था विभाग, यातायात कार्यालय खारेज गरी यातायात मन्त्रालय छुट्टै निर्माण गरी श्रमिक र सरोकारवालाको प्रतिनिधित्व रहने गरी अधिकार सम्पन्न 'राष्ट्रिय यातायात प्राधिकरण' गठन गर्न माग गरेका हुन्।

भेटमा सिमानामा नेपाली चालकले भोग्नुपरेका समस्या समाधान गर्नुपर्ने, श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समावेश गर्नुपर्ने, यातायात क्षेत्रलाई मर्यादित बनाउन, श्रमिक र व्यवसायीलाई अनुशासित बनाउन, यात्रु तथा पैदलयात्रुलाई जिम्मेवार बनाउन सडक सुरक्षा काउन्सिल निर्माण गर्न माग गरेका छन्।

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका अध्यक्ष भीमज्वाला राईले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले विसं २०७१ कात्तिक १ देखि हुने गरी यात्रुवाहक सार्वजनिक सवारी साधनलाई मात्रै लागू हुने गरी सवारीसाधनको आयु तोकेर २० वर्ष पुगेका सवारीसाधनलाई हटाउने निर्णय तत्काल सच्याउनुपर्ने बताउनुभयो।

"२० वर्ष पुगेका आठ हजार सवारी साधन विस्तापित हुँदा करिब रु १० अर्ब पुँजी डुबेको छ, लाखौं यातायात मजदुर बेरोजगार भएका छन्। यो अव्यावहारिक निर्णय तत्काल सच्याउँदै यान्त्रिक परीक्षणका आधारमा उपयुक्त सवारीसाधन चल्नदिने नीति निर्माण गर्नुपर्छ", उहाँले भन्नुभयो।

ऐन कानुन कार्यान्वयन गरी ट्राफिक प्रहरीले लिने चर्को शुल्क खारेज गर्नुपर्ने, चालकको निलम्बन गरिएका लाइसेन्स फुकुवा गर्नुपर्ने, सडकमा यातायात श्रमिकलाई ट्राफिकले दिएको दुःख अन्त्य हुनुपर्ने, पिक एण्ड ड्रपको व्यवस्था, पूर्वाधार विकास र पार्किङ सुविधा हुनुपर्ने, काठमाडौँ भित्रिने र बाहिरिने नाकामा मिनि बसपार्क निर्माण गर्नसमेत माग गरेको छ।

प्रदूषण जाँचमा देखिएका कमीकमजोरी हटाउनुपर्ने, सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१ को (२), दफा १६२, १६३, १६४ लगायत दफालाई संशोधन गर्नुपर्ने, सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को परिच्छेद ४ को दफा २० (६) लाई संशोधन गरी ठूलो सवारीसाधनका लागि साना सवारीको लाइसेन्स लिएको दुई वर्ष भएको हुनुपर्ने प्रावधान हटाउँदै ठूला सवारी चालक अनुमतिपत्र पाउने सिधैं व्यवस्था गर्नुपर्ने बताएको छ।

भेटमा उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री श्रेष्ठले आफू मुलुकको यातायात क्षेत्रको सुधारका लागि मन्त्री भएको बताउँदै यातायात क्षेत्रमा देखिएका समस्या समाधानमा प्रतिबद्ध रहेको बताउनुभयो।

# 'कुमारी आमा' निहारिका र आरोपी शिवराजबीच अदालतमा मिलापत्र

धनुषा, १८ माघ (रासस)।

'कुमारी आमा' भनिने निहारिका राजपुत र आरोपी शिवराज श्रेष्ठले अदालतमा मिलापत्र गरेका छन्। जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेलको रोहबरमा उनीहरूले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १९३ (४) बमोजिम मिलापत्र गरेका हुन्। मिलापत्रअनुसार श्रेष्ठले अब निहारिकालाई श्रीमतीका रुपमा स्वीकार्ने भएका छन्। जिल्ला अदालतमा अंश मुद्दा दिएकी निहारिकाले आफूहरू दुईबीच पति-पत्नीका रुपमा बस्ने निर्णय भएको बताएकी छन्।

मिलापत्रमा भनिएको छ, "म र नाबालक छोरासमेतलाई इज्जतअनुसार खान, लाउन, औषधोपचार खर्च, छोराको पढाइलेखाइ खर्च तथा पिता पतिको हुने कर्तव्य निर्वाह गर्छु भनेर विपक्षीले स्वीकार गरेकाले म पनि एकासगोलमा नै बस्ने गरी फिराद दाबी छाडेको।" विसं २०७६ कात्तिक ६ गतेदेखि जनकपुरधाम उपमहानगरपालिका-४ का शिवराज श्रेष्ठले आफूलाई ललाइफकाइ तथा डर धम्की देखाएर पटक-पटक जबर्जस्ती करणी गरेको भन्दै निहारिकाले जिल्ला अदालत धनुषमा मुद्दा हालेकी थिइन्।

यस मुद्दामा न्यायाधीश परशुराम भट्टराईको इजलासले शिवराजलाई सफाइ दिएको थियो। न्यायाधीश भट्टराईको इजलासले श्रेष्ठलाई सफाइ दिएपछि सो मुद्दा उच्च अदालत जनकपुरमा पुनरावेदन गरिएको थियो। उच्च अदालतको आदेशमा शिवराज र निहारिकाको छोराको डिएनए परीक्षण गर्दा मिलेको थियो।

विसं २०७८ माघ २४ गते जिल्ला अदालतले सफाइ दिने फैसला गरेपछि सरकारी वकिल कार्यालयले उच्च अदालतमा पुनरावेदन गरेकोमा अहिले पनि बलात्कार आरोपको मुद्दा विचाराधीन छ। विसं २०७६ कात्तिक ६ गते शिवराजले जबर्जस्ती करणी गरेको आरोप लगाएकी निहारिकाले २०७७ भदौ ५ गते छोरालाई जन्म दिएकी थिइन्।

आफू बलात्कृत भएको भन्दै उनले आफ्नो बच्चाको डिएनए जाँच गरिनुपर्ने, मुद्दाको बारेमा घटनाको सुरुआतदेखि नै पुनः जाँच गरिनुपर्ने माग राख्दै उनी पटक पटक अनशन बसेकी थिइन्। उच्च अदालत जनकपुरले निहारिकाको छोरा र श्रेष्ठको डीएनए जाँच गर्न ८ भदौमा आदेश दिएपछि गरिएको परीक्षणमा उनको छोराको डीएनए शिवराजसँग मिलेको थियो। डिएनए मिलेपछि निहारिकाले अदालतमा अंश मुद्दा दिएकी थिइन्।

निहारिकाले २७ साउनमा शीतलनिवास अगाडि आत्मदाहको प्रयास समेत गरेकी थिइन्। विसं २०७८ माघ २४ गते जिल्ला अदालतले सफाइ दिने फैसला गरेपछि सरकारी वकिल कार्यालयले उच्च अदालतमा पुनरावेदन गरेकोमा अहिले पनि बलात्कार आरोपको मुद्दा विचाराधीन छ।

## विश्व समाचार

### झारखण्ड आगलागीमा चौध जनाको मृत्यु

नयाँदिल्ली, १८ माघ (रासस/सिन्ह्वा)।

भारतको झारखण्ड राज्यमा मङ्गलबार आगलागीमा परेर कम्तीमा पनि १४ जनाको ज्यान गएको बताइएको छ।

समाचारअनुसार विवाह समारोह भइरहेका बेला एक निजी आवासीय घरमा आगलागी भएको थियो। त्यसमा परेर १४ जनाको ज्यान गएको र अरु केही घाइते भएका छन्।

जलेर मृत्यु हुनेमा १० जना महिला र चार बालबालिका परेका छन्। पूर्वीझारखण्डको दानबादमा भएको सो आगलागीमा परेर दर्जनौं व्यक्ति जलेर घाइते भएका छन्।

आगलागी के कति कारणले भएको हो भन्ने बारेमा अनुसन्धान सुरु भएको प्रहरीले जनाएको छ। आगो लागेको क्षेत्रमा सो घरका व्यक्ति च्यापिएर रहेका छन् कि भनेर खोजी भइरहेको प्रहरीले जनाएको छ।

### युरोपेली सङ्घको सदस्य बन्दै युक्रेन

युक्रेन, १८ माघ (रासस/एएफपी)।

युक्रेनले यस हप्ता किएभमा युरोपेली सङ्घसँग शिखर सम्मेलन गर्ने घोषणा गरेको छ।

सम्मेलनले युद्धबाट पीडित राष्ट्रलाई सङ्घको सदस्यताको नजिक ल्याउने आशा व्यक्त गरेको छ। रुसले आक्रमण गरेको करिब एक वर्षपछि यो घोषणा आएको छ। राष्ट्रका नाममा आफ्नो साँझको सम्बोधनमा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले शुक्रबारको शिखर सम्मेलनले किएभले लामो समयदेखि सामेल हुन खोजेको २७ सदस्यीय समूहसँग उच्च 'सहयोग र प्रगति' प्रतिबिम्बित गर्ने आशा व्यक्त गर्नु भएको छ।

'हामी युक्रेनको लागि समाचार पर्खिरहेका छौं,' जेलेन्स्कीले भन्नुभयो, युक्रेनको राजधानीमा हुनलागेको शिखर सम्मेलनले साझेदार र शत्रु दुवैलाई शक्तिशाली सङ्केत दिएको प्रधानमन्त्री डेनिस स्मिगलले बताउनुभएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सीमा पार गर्दै रुसी सेना पठाएको केही महिनापछि युक्रेनले गत वर्ष जुनमा ईयू उम्मेद्वारको हैसियत पाएको थियो। युरोपेली सङ्घको तर्फबाट शिखर सम्मेलनमा को-को सहभागी हुनेछन् भन्ने विवरण भने दिइएको छैन।

### आतङ्कवादी हमला विफल बनाउन प्रहरी सफल

नयाँदिल्ली, १८ माघ (रासस/सिन्ह्वा)।

पाकिस्तानको एक प्रहरी चौकीमा हमला गर्न आएका आतङ्ककारीको प्रयासलाई यहाँको प्रहरीले असफल तुल्याइदिएको बताएका छन्।

पेशावरमा हमला गरेर कैयौं मानिसको ज्यान लिएको केही दिनपछि पाकिस्तानको पूर्वीप्रान्त पञ्जावमा रहेको एक प्रहरी चौकीमा मङ्गलबार मध्यरातितिर ठूलो सङ्ख्याका आतङ्ककारी शक्तिशाली हतियार लिएर त्यहाँ पुगेका थिए।

मध्यरातिमा शक्तिशाली हतियार ल्याएर ठूलो सङ्ख्यामा आएका उनीहरुको प्रयासलाई असफल तुल्याएको पञ्जाव प्रान्तको प्रहरीले जनाएको छ।

पञ्जावको प्रान्तीय प्रहरीका प्रवक्ता अनवर असमानले सो प्रहरी चौकीमा ठूलो सङ्ख्यामा प्रहरी रहेका र रातिको समयमा सो चौकीमा क्षति पुऱ्याउने गरी आएका आतङ्ककारीको प्रयासलाई असफल तुल्याएर ठूलो मानवीय क्षति हुनबाट जोगाएको बताउनुभयो।

सो प्रहरी चौकीमा यसअघि पनि आक्रमणको प्रयास गरेका थिए र प्रहरीले यसैगरी असफल तुल्याएको थियो। त्यसैले यस पटक आतङ्ककारी ठूलो संख्यामा आएका बताइएको छ।

रातिको समयमा प्रहरी चौकीमा आक्रमण सुरु गरेका आतङ्ककारीलाई प्रहरीले प्रतिकार गर्दा कैयौं आतङ्ककारी घाइते भएका पनि प्रवक्ता अनवरले जानकारी दिनुभयो।

### डुङ्गा डुब्दा बाउन्न विद्यार्थीको मृत्यु

इस्लामाबाद, १५ माघ (रासस/सिन्ह्वा)।

उत्तरपश्चिमी खैबरपख्तुनख्वा प्रान्तमा गत आइतबार डुङ्गा डुब्दा ज्यान गुमाउने विद्यार्थीको सङ्ख्या ५२ पुगेको छ। प्रान्तको कोहाट जिल्लास्थित टाँडा बाँधबाट २१ जनाको शव निकालिएको उद्धारकर्मीले बताएका छन्।

ज्यान गुमाएका अधिकांश सात देखि १४ वर्षका स्कूले केटाकेटी हुन्। उनीहरू वनभोज खान बाँध क्षेत्रमा पुगेका थिए। गोताखोरले

१६ जनालाई उद्धार गरेका थिए। उद्धारमा देशको जल तथा स्थलसेना परिचालन भएको थियो। हराइरहेका दुई जना विद्यार्थीको अझै खोजी भइरहेको कोहाट जिल्लाका प्रहरी अधिकृत अब्दुल रफुर बाबर कुरेसीले जानकारी दिएका छन्।

# नेपाललाई ५ अर्ब ५० करोड भारु अनुदान

दैनिक समाचारदाता
काठमाडौं, १८ माघ ।
भारतले नेपाललाई उपलब्ध गराउने वार्षिक अनुदान रकम घटाएको छ । भारतीय अर्थमन्त्री निर्मला सीतारमणले बुधबार पेश गरेको भारतको युनियन सरकारको २०२३-२०२४ को बजेटमा नेपाललाई ५ अर्ब ५० करोड भारु अनुदान शीर्षकमा विनियोजन गरेकी छिन् ।

भारतीय बजेटअनुसार आगामी वर्ष भारतले नेपाललाई ५ सय ५० करोड भारू अनुदान दिनेछ । गत वर्ष भारतले नेपाललाई दिने अनुदान रकम ४ सय २५ करोड भारू थियो । सुरुमा ७ सय ५० करोड भारू अनुदान दिने बजेटमा उल्लेख भए पनि पछि बजेट संशोधन गरेर रकम घटाइएको थियो ।

आर्थिक वर्ष २०२१-०२२ मा भारतले नेपाललाई ४ सय ४८ करोड भारू दिएको थियो । गत वर्ष भारु सात अर्ब ५० करोड (१२ अर्ब रुपैयाँ) अनुदान छुट्याइएको थियो । त्यसमा ४ अर्ब २५ करोड भारु भारतले नेपाललाई भुक्तानी गरिसकेको छ ।

यसपालि भारतले सबैभन्दा धेरै अनुदान भुटानलाई दिने भएको छ । भुटानले १ हजार ६ सय ३२ करोड अनुदान पाउने भएको छ भने ७ सय ८८ करोड ऋण पाउने छ ।

बुधबार भारतको नयाँ बजेट सार्वजनिक गर्दै भारतीय वित्त मन्त्री निर्मला सीतारमणले विभिन्न मुलुकहरूलाई दिने अनुदानबारे जानकारी दिएकी हुन् ।

# मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ

धनुषा, १८ माघ (रासस) ।
मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको छ । मुख्यमन्त्री सरोजकुमार यादवसहित चार सदस्यीय मन्त्रिपरिषद् गठन भएको तीन साता बित्दासमेत विस्तार हुनसकेको छैन ।

सत्ता साझेदार दलहरूबीच कसले कुन मन्त्रालय पाउने विषयमा सहमति हुन नसक्दा सरकार विस्तारमा समस्या देखिएको छ । सत्तारुढ दलहरूबीच पाँच प्रदेशसभा सदस्य बराबर एक मन्त्रालय दिने समझदारी भएको थियो । तर एउटै मन्त्रालयमा दुई पार्टीले दाबी गरेपछि मन्त्रिपरिषद् विस्तार हुन नसकेको हो । नेकपा (माओवादी केन्द्र)ले मधेसमा सामाजिक विकाससहित दुई मन्त्रालय माग गरेको छ । मधेसमा सत्ता साझेदार मुख्य दल नेकपा (एमाले) र सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा)बीच यसबाहेक छलफल भइरहेको छ ।

जनमत पार्टी मधेस प्रदेशका संसदीय दलका नेता महेश यादव भन्नुहुन्छ, "हामीले सामाजिक विकास मन्त्रालय मागेका छौँ । यसमा सहमति जुटेपछि हाम्रो पार्टीको तर्फबाट मन्त्री बन्नेको नाम छिट्टै पेस हुन्छ ।" यही माघ १३ गते जनमत पार्टीबाट मन्त्री बन्नुभएका इन्जीनियर वसन्त कुशवाहालाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मधेश प्रदेशमा माओवादी संसदीय दलका नेता भरतप्रसाद साह सम्मानजनक ठाउँ पाउनुपर्ने बताउनुहुन्छ । "सरकार विस्तारका लागि नीतिगत कुरै मिलेको छैन, त्यही भएर ढिलाइ भइरहेको छ", उहाँले भन्नुभयो ।

प्रदेश सरकारमा नेकपा (एमाले), जसपा, जनमत र माओवादी केन्द्र सहभागी छन् । मधेसमा अहिले चार सदस्यीय मन्त्रिपरिषद् छ । गत पुस २९ गते मुख्यमन्त्री यादवले शपथग्रहण गर्नुभएको थियो । मुख्यमन्त्रीसँगै तीन विनाविभागीय मन्त्रीले शपथ लिएका थिए । अहिले उहाँहरूको जिम्मेवारी तोकिइसकेको छ । मुख्यमन्त्री यादवले सबै दललाई समेटेर अगाडि बढ्दा मन्त्रिमण्डल विस्तारमा ढिलाइ भएको बताउनुभयो । "यही साताभित्र मन्त्रिपरिषद् विस्तार हुन्छ", उहाँले भन्नुभयो ।

# अब सिंहदरबारमा भाडाका गाडी प्रवेश गर्न पाउने !

काठमाडौं, १८ माघ (रासस) ।
सरकारले प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा भाडाका सवारी साधनलाई प्रवेशको व्यवस्था मिलाएको छ ।

अपाङ्ग र अशक्त नागरिकलाई सहजरुपमा सिंहदरबार प्रवेशका लागि उक्त व्यवस्था मिलाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले जानकारी दिनुभयो ।

यसअघि सरकारी, निजी, कूटनीतिक र पर्यटक सवारी साधन निर्वाधरुपमा सिंहदरबारमा प्रवेश पाउँदै आएका छन् । सरकारले सुरक्षा संवेदनशीलतालाई ध्यान दिँदै भाडाका गाडीलाई सिंहदरबार प्रवेशमा रोक लगाउँदै आएको छ । "गृह मन्त्रालयसँग समन्वय गरेर बिहीबारदेखि अपाङ्ग र अशक्त नागरिकलाई सहजरुपमा सिंहदरबार प्रवेश गर्न सहजीकरण गर्ने उद्देश्यले सो व्यवस्था गरिएको हो", मन्त्री अर्यालले भन्नुभयो ।

अपाङ्ग र अशक्त नागरिकलाई राज्यले उपलब्ध गराएको परिचयपत्रका आधारमा सुरक्षाकर्मीले उनीहरू सवार भाडाका गाडीलाई सहजरुपमा सिंहदरबार प्रवेश गराउने उहाँले बताउनुभयो ।

### *एक सय अति विपन्न ...*

नं. ९ मलेठ र वडा नं. १० दिघवाका एक सय विपन्न तथा दलितलाई बस्तीमै पुगेर कम्बल वितरण गरिएको बैंकका संचालक विश्वनाथ मण्डलले जानकारी दिए ।

चिसोबाट बच्नका लागि अति विपन्न, दलित बस्तीमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत उक्त कम्बल वितरण गरिएको बैंकका प्रमुख चन्द्रमणि भट्टराईले बताए ।

उक्त अवसरमा बैंकका कर्मचारी देवनारायण यादव, सहकारी संस्थाका संचालक एवं कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

### *प्रहरी हिरासतबाट ...*

मिथिला नगरपालिका-२ का २५ वर्षीय हरिदीप सिंह, क्षीरेशवरनाथ नगरपालिका-२ का २५ वर्षीय अमित मण्डल र मिथिला नगरपालिका- ६ का रोशनकुमार महतो रहेका छन् ।

अभद्र व्यवहार तथा शान्तिसुरक्षाविरुद्धको मुद्दाका हरिदीपलाई मङ्गलबार राति र अमितलाई मङ्गलबार दिउँसो पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो । त्यस्तै हातहतियार खरखजाना मुद्दाका रोशनलाई सोमबार साँझ नै प्रहरीले पक्राउ गरेको थियो ।

आइतबार राति इलाका प्रहरी कार्यालयको हिरासतको भित्ता फोडेर विभिन्न मुद्दाका छजना फरार भएका थिए । बाँकी तीनजनाको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालय र मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट खटिएको संयुक्त प्रहरी टोलीले खोजतलास जारी बताइएको छ ।


ॐ

यही आउँदो २०७९ साल फाल्गुन ६ गते 'महाशिवरात्री' पर्व पर्न गएको हुँदा विगत वर्ष जस्तै यस वर्ष पनि हर्षोल्लास एवम् भव्यताका साथ मनाईने भएको हुँदा सम्पूर्ण हिन्दुधर्मावलम्बी, समाजसेवीहरुमा आवश्यक छलफल, सल्लाह, सुभावको लागि उपस्थिति हुन सादर अनुरोध गर्दछौं ।

अनुरोधकर्ता
श्री हरिनन्देश्वर महादेव मन्दिर संरक्षण सम्बर्द्धन समिति
राजविराज-७

मिति : २०७९/१०/१६ गते सोमबार
स्थान : मन्दिर प्रांगण
समय : ०८ बजे विहान



## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*